# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्याः ११ मिति : २०८२/०५/१६


भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०८२/०५/१६ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८२ सालको नियम नं. ११

**पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०८२**

# पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

प्रमाणिकरण मितिः २०८२।०५।१६
प्रकाशन मितिः २०८२।०५।१६

**प्रस्तावना:** सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा उद्यमशीलता, स्वावलम्बन एवम् आत्मनिर्भर भावनाको विकास गरी गरिबीको कारण आय आर्जन गरी पढ्नुपर्ने अवस्थामा रहेका तथा स्वआर्जन गरी अध्ययन गर्न इच्छुक विद्यार्थीको पढाइलाई निरन्तरता दिन, शैक्षिक गुणस्तर सुधारमा विद्यार्थिलाइ साधारण र प्राविधिक तथा व्यावसायिक धारका विद्यालय मार्फत आयआर्जनको अवसर प्रदान गरी पढ्दै कमाउँदै कार्यक्रमलाइ सरल, सहज र प्रभावकारी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ को उपदफा (२) बमोजिम बनेको गेरूवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा (४) बमोजिम गेरुवा गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** - (१) यस कार्यविधिको नाम "पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि २०८२" रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा -** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "गाउँपालिका" भन्नाले गेरूवा गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले गेरूवा गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "सभा" भन्नाले गेरूवा गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।

(घ) "कार्यालय" भन्नाले गेरूवा गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गेरूवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "आर्थिक प्रशासन शाखा" भन्नाले गेरूवा गाउँपालिकाको आर्थिक प्रशासन शाखालाई सम्झनुपर्छ ।

(छ) "शिक्षा शाखा" भन्नाले गेरूवा गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(ज) "शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्ने अध्यापकलाई सम्झनु पर्छ, सो शव्दले प्रधानाध्यापकलाई समेत जनाउँदछ।

(झ) "शिक्षा समिति" भन्नाले गेरूवा गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्छ ।

(ञ "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिमको बिषयक्षेत्रमा विद्यालयले सञ्चालन गर्ने पढ्दै कमाउँदै कार्यक्रम सम्झनु पर्दछ ।

(ट) "विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी स्वीकृत सामुदायिक विद्यालय सम्झनु पर्दछ । सो शब्दले प्राविधिक तथा व्यावसायिक धार सञ्चालन भएका सामुदायिक विद्यालय समेतलाई जनाउँछ ।

(ठ) " समन्वय समिति" भन्नाले यस कार्यविधिको दफा ११ बमोजिमको समन्वय समिति सम्झनु पर्दछ ।

(ड) "व्यवस्थापन समिति" भन्नाले शिक्षा ऐन २०२८ (संशोधन सहित) को दफा १२ बमोजिम गठित विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्देश्य**- "पढ्दै कमाउदै " कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई प्राविधिक र व्यवसायिक सीप प्रदान गरी आत्मनिर्भर बनाउन सहजीकरण गर्नु,
(ख) शिक्षालाई श्रम, सीप, र आयआर्जनसँग जोडेर व्यावहारिक शिक्षाको प्रवर्द्धन गर्नु,
(ग) गरिबीको रेखामुनी रहेका समुदायका विद्यार्थी र स्वआर्जन गरी अध्ययन गर्न इच्छुक विद्यार्थीलाइ विद्यालयमा अध्ययनको अतिरिक्त आयमुलक कार्य गरी विद्यार्थीको पढाइलाई निरन्तरता दिनु,
(घ) गाउँपालिकाको स्थानीय स्रोत (कृषि, पर्यटन, हस्तकला आदि) को उपयोग गरी विद्यार्थीहरूमा उद्यमशीलताको विकास गर्नु,
(ङ) विद्यार्थीद्वारा उत्पादन भएका खाद्यान्न, तरकारी, फलफूल लगायतका वस्तुलाई विद्यालयमा दिवा खाजामा उपयोग गर्न तथा स्थानीय बजारमा बिक्री वितरणको उपयुक्त वातावरण तयार गर्नु,
(घ) विद्यालयमा विद्यार्थिहरुलाइ विभिन्न व्यवसायिक एवम आयमुलक क्रियाकलापमा सक्रिय बनाउनु,
(ङ) पाठ्यक्रममा आधारित हुनेगरी विषयवस्तुको सिकाइसँगै श्रमप्रति सम्मानको भावना विकास गर्दै स्वरोजगार र उद्यमशील हुन प्रोत्साहित गर्नु,
(च) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्नु ।
**४. कार्यक्रम सञ्चालन हुने क्षेत्र र समयावधि -** (१) गेरुवा गाउँपालिका अन्तर्गतका विद्यालयमध्येबाट कार्यक्रम सञ्चालन गर्न छनौट भएका विद्यालयमा कार्यक्रम सञ्चालन हुनेछ।
(२) कार्यक्रमको समयावधि सम्झौतामा निर्धारण भए बमोजिम हुनेछ ।

## परिच्छेद २
## विद्यालय छनोट र अनुदान निर्धारण

**५. प्रस्ताव पेश गर्ने सूचना -** (१) कार्यक्रम सञ्चालन गर्ने विद्यालय छनोटको लागि गाउँपालिकाले कम्तीमा १५ दिने प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना आह्वान गर्नेछ ।
(२) उपदफा (१) बमोजिमको सूचनाका आधारमा कार्यक्रममा सहभागी हुन ईच्छुक विद्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा आवेदन फारम भरी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित तोकिएको म्यादभित्र गाउँपालिकामा प्रस्ताव पेश गर्नुपर्नेछ ।
(३) उपदफा (२) बमोजिम प्रस्ताव पेश गर्न ईच्छुक विद्यालयले देहाय बमोजिमको आधारहरु पूरा गरेको हुनु पर्नेछ -
(क) कार्यक्रम सञ्चालनका लागि प्रचलित कानुन बमोजिम निर्धारित न्यूनतम विद्यार्थी संख्या पूरा भएको,
(ख) प्रचलित शिक्षा ऐन तथा नियमावली बमोजिम शिक्षक दरबन्दी वा अनुदान कोटका शिक्षक, प्रशिक्षक एवम कर्मचारीको उपलब्धता भएको
(ग) स्थानीय परिवेश र हावापानी र भुगोल सुहाउदो ब्यवसायिक क्रियाकलाप सञ्चालन गर्न सकिने अवस्था भएको ।
(घ) उत्पादित वस्तु तथा सेवाको विक्रिवितरणका लागि सम्भावित बजार वा खरिदबिक्रि केन्द्रको ब्यवस्था भएको ।
(ङ) सम्बन्धित विद्यालयले लागत साझेदारी गर्न प्रतिवद्वता जनाएको पत्र ।
**६. प्रस्तावको मूल्याङ्कन तथा सिफारिस -** (१) शिक्षा शाखाले कार्यक्रम सञ्चालन गर्न इच्छुक विद्यालयबाट पेश भएका प्रस्तावलाई मूल्याङ्कन तथा प्राथमिकीकरण गर्नेछ ।
(२) उपदफा (१) बमोजिमका प्रस्तावको मूल्याङ्कन र प्राथमिकता निर्धारण अनुसूची -२ मा उल्लेख गरिएको आधार बमोजिम हुनेछ।
(३) कार्यक्रम सञ्चालनको लागि प्राप्त हुन आएका प्रस्तावको मूल्याङ्कन र सिफारिसका लागि प्राथमिकताक्रम निर्धारण गर्न गाउँपालिकाले आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(४) शिक्षा शाखाले प्राप्त प्रस्तावना उपर अनुसूची -२ बमोजिम मूल्याङ्कन गरी प्राथमिकताक्रमका साथ छनोटको लागि शिक्षा समिति समक्ष पेश गर्नु पर्नेछ।

**७. विद्यालय छनोट तथा सिफारिस -** (१) शिक्षा समितिले दफा (६) बमोजिम प्राथमिकता क्रमका साथ पेश भएका विद्यालयहरु मध्येबाट कार्यक्रम सञ्चालन गर्ने विद्यालयको छनोट गर्नेछ।

(२) शिक्षा समितिले विद्यालयको छनोट गर्दा गाउँपालिकामा पेश भएका विद्यालयमध्येबाट विद्यालय सेवा क्षेत्रको भौगोलिक तथा आर्थिक अवस्थाका आधारमा विषयगत वितरणलाई समेत मध्यनजर गरी विद्यालय छनोट गर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनी शिक्षा समितिले निर्णय गरी कार्यक्रम सञ्चालनका लागि प्राविधिक धार (कक्षा ९-१२) सञ्चालन भएको विद्यालयलाइ प्राथमिकता दिइ विद्यालय छनोट गर्न सक्नेछ।

(४) गाउँपालिकाले दफा (७) बमोजिम विद्यालय छनोटको जानकारी सम्बन्धित वडा र विद्यालयलाई दिनेछ।

(५) शिक्षा समितिले विषयगत आवश्यकताका आधारमा विद्यालय संख्या थपघट गर्न सक्नेछ।

**८. अनुदान निकासा, सम्झौता तथा कार्यक्रम कार्यान्वयन**- (१) विद्यालयको लागि प्रदान गरिने अनुदान रकमको निर्धारण गर्दा गाउँ सभाबाट स्वीकृत बजेट, विद्यालयमा सञ्चालन हुने कार्यक्रमको प्रकृति तथा कार्यक्रम संख्या, कार्यक्रममा सहभागी हुने विद्यार्थी संख्या र विद्यालयको आवश्यकता समेतलाई आधार मानिनेछ।

(२) कार्यक्रम सञ्चालनका लागि छनोट भएका विद्यालयसँग गाउँपालिकाले अनुसूची -३ बमोजिम सम्झौता गरी प्रथम किस्ता वापत कुल अनुदान रकमको ३० प्रतिशत रकम विद्यालयको खातामा निकासा गर्नेछ र बाँकी रकम विद्यालयको कार्यप्रगतिको आधारमा कागजातहरु संलग्न गरी कार्यालयमा पेश गरेपश्चात उपलब्ध गराइनेछ।

(३) विद्यालयमा सञ्चालन गरिने कार्यक्रमको लागि वडाले आवश्यकता अनुसार थप स्रोतको परिचालन गर्न सक्नेछ।

(४) विद्यालयको कार्यप्रगति तथा उपलब्धिको आधारमा थप बजेट निकासाका लागि सम्बन्धित वडाले समन्वय समितिमा पेश गर्न सक्नेछ। समितिले सो विषयमा आवश्यक निर्णय गरी थप बजेट निकासाका लागि गाउँपालिकामा अनुरोध गर्नेछ।

(५) नेपाल सरकार र प्रदेश सरकारबाट यस कार्यक्रमका लागि वित्तीय हस्तान्तरण भएको खण्डमा सम्बन्धित विद्यालयले त्यस्को अतिरिक्त आफ्नो कोषबाट खर्च गर्ने गरी लागत साझेदारीको रुपमा बजेट थप गर्न सक्नेछ।

## परिच्छेद - ३
## कार्यक्रम सञ्चालन क्षेत्र र क्रियाकलाप

**९. कार्यक्रम सञ्चालन क्षेत्र** - (१) कार्यक्रम सञ्चालनको लागि छनोट भएको विद्यालयलाई स्वीकृत प्रस्तावना बमोजिम देहायबमोजिमका क्षेत्रमा खर्च गर्ने गरी विद्यालयलाइ अनुदान रकम उपलब्ध गराइनेछ।

(क) कृषि (बाली विज्ञान / पशु विज्ञान)

(ख) च्याउ खेती, फलफुल एवम तरकारी खेती

(ग) माछापालन, कुखुरापालन, भैसीपालन, बंगुरपालन

(घ) व्यवसायिक मौरीपालन

(ङ) फूल /पुष्प खेती

(च) हस्तकला एवम उद्यमशिलता

(छ) पर्यटन तथा होमस्टे प्रवर्द्धन र वातावरण संरक्षण

(ज) सूचना तथा संञ्चार प्रविधिको विकास र विस्तार

(झ) अन्य क्रियाकलाप।

**१०. अनुदान रकम खर्च सम्बन्धी व्यवस्था** - (१) यस कार्यविधि बमोजिम छनोट भई अनुदान प्राप्त गर्ने विद्यालयले कार्ययोजना सहितको प्रस्ताव र गाउँपालिकासँग भएको सम्झौता बमोजिम देहायका शीर्षकमा अनुदान रकम खर्च गर्न सक्नेछ।

(क) विद्यालयको आफ्नो स्वामित्वमा रहेको वा भाडामा लिएको जग्गामा अस्थायी प्रकृतिका भौतिक पूर्वाधार लगायत कार्यक्रम सञ्चालनमा आवश्यक पर्ने संरचना निर्माण गर्न,

(ख उत्पादन र उत्पादित सामाग्रीको विक्रि बितरणका लागि आवश्यक पर्ने औजार, उपकरण तथा अन्य सामान खरिद गर्न र कार्यस्थलसँग सम्बन्धित प्रयोगशाला स्थापना गर्न,

(ग) पढ्दै कमाउँदै कार्यक्रमको उद्देश्य अनुरुप विद्यार्थीको सक्रियतामा विद्यालयको जग्गामा वा विद्यार्थीले आफ्नै जग्गामा वस्तु उत्पादन गरी बिक्री वितरण गर्न।

(घ) प्रस्तावनामा उल्लेख गरेबमोजिम विद्यालयस्तरीय कार्यक्रम कार्यान्वयन समितिको बैठक ब्यवस्थापन खर्च, सम्बन्धित क्षेत्रका आमन्त्रित बिषयविज्ञ एवम कर्मचारीलाई  दैनिक भ्रमण भत्ता र कार्यक्रम अनुगमन खर्च लगायत समग्र कार्यक्रम सञ्चालन तथा ब्यवस्थापन गर्न।

(ङ) पढ्दै कमाउँदै कार्यक्रमको लक्ष्य वा उदेश्य अनुसार व्यवसाय शुरूवात (स्टार्ट अप बिजनेश) का लागि छोटो अवधिको तालिम सञ्चालन र ब्यवस्थापन गर्न।

(२) गाउँपालिकाबाट प्राप्त अनुदान रकम विद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ। आवश्यकता अनुसार सो अनुदानबाट विद्यालयले पढ्दै कमाउदै कार्यक्रमको लागि विद्यार्थीलाइ लगानी स्वरुप रकम उपलब्ध गराउन सक्नेछ। पढ्दै कमाउदै कार्यक्रमको लागि विद्यार्थीलाइ उपलब्ध गराएको रकम विद्यार्थीले क्रमश विद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ। विद्यालयले पढ्दै कमाउदै कार्यक्रमका लागि विद्यार्थीलाइ उपलब्ध गराएको रकमबाट प्राप्त मुनाफा रकम सम्बन्धित विद्यार्थीलाइ वितरण गर्न सक्नेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाबाट प्राप्त अनुदान रकम सम्झौता बमोजिम कार्य सञ्चालन एवम ब्यवस्थापन नगर्ने विद्यालयले निकासा भएको बजेट समेत गाउँपालिकामा फिर्ता गर्नु पर्नेछ।

## परिच्छेद - ४
## समन्वय समिति र सम्बद्ध निकायको भूमिका

**११. समन्वय समिति** - (१) कार्यक्रम कार्यान्वयनका लागि समन्वय एवम सहजीकरण गर्न र विद्यालय छनोटमा शिक्षा समितिलाइ सिफारिस गर्न देहाय बमोजिमको गाउँपालिकास्तरिय समन्वय समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) शिक्षा समितिका सदस्यहरुमध्येबाट अध्यक्षले तोकेको सदस्य एक जना - सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

(घ) शिक्षा शाखा प्रमुख - सदस्य

(ङ) शिक्षा शाखमा कार्यरत सहायक अधिकृतस्तरको कर्मचारी - सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार गाउँपालिका अन्तर्गतका बिषयगत शाखा प्रमुख, अन्य सरोकारवाला निकायका प्रतिनिधि, सम्बन्धित क्षेत्रका विज्ञ र कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

**१२. समितिको काम, कर्तव्य र अधिकार** - (१) समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रम कार्यान्वयन गर्ने विद्यालयको प्रस्तावना स्वीकृत गरी गाउँपालिकालाइ जानकारी गराउने,

(ख) विद्यालय छनोटको प्राथमिकता निर्धारण गरी शिक्षा समितिमा पेश गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनको लागि सम्बन्धित वडा र विद्यालयसँग समन्वय र सहजीकरण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरुको समाधानका लागि समन्वय गर्ने गराउने,

(ङ) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने र सोको प्रतिवेदन शिक्षा समितिमा पेस गर्ने,

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(५) समितिको बैठक भत्ता तथा अन्य सेवा सुविधा गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

**१३. कार्यक्रम कार्यान्वयन समितिः** (१) प्रत्येक विद्यालयमा पढ्दै कमाउदै कार्यक्रमलाइ ब्यवस्थित र प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न देहायबमोजिमको विद्यालयस्तरीय एक कार्यक्रम कार्यान्वयन समिति रहनेछ ।

| | | |
|---|---|---|
| क) | विद्यालय व्यवस्थापन समितिको अध्यक्ष | संयोजक |
| ख) | सम्बन्धित वडाको वडाध्यक्ष वा वडा प्रतिनिधि | सदस्य |
| ग) | सम्बन्धित विद्यालयको शिक्षक तथा प्रशिक्षक मध्ये १ जना | सदस्य |
| घ) | सम्बन्धित विद्यालयको लेखापाल वा लेखा हेर्ने कर्मचारी /शिक्षक १ जना | सदस्य |
| ङ) | विद्यालयको प्रधानाध्यापक | सदस्य सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार सरोकारवाला निकायका प्रतिनिधि, सम्बन्धित क्षेत्रका विज्ञ र कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ ।

**१४. कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकारः** कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार  देहायबमोजिम रहेका छन ।

(क)  पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्तावना/कार्ययोजना गाउँपालिकामा पेश गर्ने ।

(ख) विद्यार्थीहरूलाई उत्पादनमुलक, व्यवसायिक क्रियाकलाप तथा आयमुलक कार्यक्रममा समावेश गर्ने ।

(ग)  पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयनका लागि प्राप्त अनुदान रकम स्वीकृत प्रस्तावना बमोजिम खर्च गर्ने, गराउने ।

(घ)  कार्यक्रम सञ्चालनको तयारी गर्नुको साथै त्यस्को प्रभावकारी कार्यान्वयन गर्ने ।

(ङ) विद्यार्थीहरुलाइ प्रयोगात्मक कार्य अन्तर्गतको ब्यवहारिक अभ्यास (OJT) गराउने र त्यस्का लागि उपयुक्त वातारण तयार गर्ने, गराउने ।

(च) कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरुको समाधानका लागि छलफल र अन्तर्किया गर्नुको साथै आवश्यक पर्ने निकायसँग समन्वय गर्ने ।

(छ)  बार्षिक कार्यक्रम कार्यान्वयनको प्रगती प्रतिवेदन र अनुगमन प्रतिवेदन गाउँपालिकामा पेश गर्ने ब्यवस्था मिलाउने ।

**१५. शिक्षा शाखाको भूमिका -** (१) विद्यालयमा छनोट भएको कार्यक्रम कार्यान्वयनका लागि शिक्षा शाखाको भूमिका देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयबाट प्राप्त प्रस्तावना अध्ययन एवम मुल्याङकन गर्ने,

(ख) सम्बन्धित विद्यालयको खातामा अनुदान रकम निकासा तयारी गर्ने,

(ग) उद्योग वाणिज्य संघ, बजार ब्यवस्थापन समिति लगायत व्यवसायिक संघसंस्थाहरुसँग बजार व्यवस्थापनका विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) उत्पादनमूलक कार्यमा प्रयोग हुने गरी विद्यालयले निश्चित समयका लागि लिज/भाडामा जग्गा प्राप्त गर्न चाहेमा सहजीकरण गर्ने,

(ङ) विद्यालयमा सञ्चालित उत्पादनमुलक र व्यवसायिक क्रियाकलापका लागि स्थानीय स्रोत, साधन तथा कच्चा पदार्थ उपलब्ध गराउन सहजीकरण गर्ने,

(च) विद्यालयमा सञ्चालित कार्यक्रमको विषय प्रकृतिको आधारमा गाउँपालिका अन्तर्गतका विषयगत शाखाहरु तथा अन्य निकायसँग आवश्यक समन्वय गर्ने,

(छ) कार्यक्रम कार्यान्वयन गर्न विद्यालय छनोटको लागि शिक्षा समितिमा पेश गर्ने,

(ज) विद्यालयबाट उत्पादित वस्तुको बिक्री वितरण एवम खरिदको लागि विद्यालयमा आवश्यक संरचना निर्माणमा सहयोग पुर्याउने,
(झ) कार्यक्रम सञ्चालनका लागि संघ एवं प्रदेश सरकारबाट थप अनुदान प्राप्तिको लागि आवश्यक समन्वय गर्ने,
(ञ) कार्यक्रम कार्यान्वयन र विस्तारका लागि विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरी विद्यालयलाई आवश्यक पर्ने थप स्रोत साझेदारीको ब्यवस्था मिलाइदिने,
(ट) कार्यक्रम कार्यान्वयनको अनुगमन एवम मूल्याङ्कन गर्ने र सोको प्रतिवेदन शिक्षा समितिमा पेश गर्ने।

**१६. विद्यालयको भूमिका** - (१) कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ।
(क) पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयनका लागि प्राप्त अनुदान रकम स्वीकृत प्रस्तावना बमोजिम उत्पादनमुलक क्षेत्रमा खर्च गर्ने गराउने,
(ख) सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई उत्पादनमुलक, व्यवसायिक क्रियाकलाप तथा आयमुलक कार्यक्रममा समावेश गर्ने,
(ग) विद्यार्थीले उत्पादन गरेका खाद्यान्न, तरकारी, फलफूल, मासुजन्य पदार्थ र अन्य वस्तु तथा सेवालाई दिवा खाजाको रुपमा विद्यालयमा उपयोग गर्ने वा स्थानीय बजारमा बिक्री वितरण गर्न स्थानीय उद्योगी व्यवसायीहरु तथा संघ संस्थासँग आवश्यक समन्वय गर्ने,
(घ) विद्यालयले उत्पादित सामाग्रीको विक्रिवितरण प्रयोजनका लागि आवश्यकता अनुसार बिक्री वितरण केन्द्रको स्थापना एवम सञ्चालन गर्ने,
(घ) कार्यक्रमको मूलप्रवाहमा नआएका विद्यार्थीहरुद्वारा आफ्नै घर वा करेसाबारीमा उत्पादित वस्तुलाई समेत उत्पादन तथा बिक्री वितरणको व्यवस्था मिलाई अध्ययनका लागि प्रोत्साहित गर्ने,
(ङ) विद्यार्थीहरूले उत्पादन गरेका वस्तु वा सेवाहरूको बिक्रीबितरण र व्यवस्थापन गरिदिने,
(च) व्यवसाय शुरूवात (स्टार्ट अप बिजनेश) तालिम सञ्चालन गर्ने, गराउने,
(छ) वस्तु तथा सेवा उत्पादन गर्ने गरी विद्यालयको जग्गा र प्राप्त स्रोतलाई उपयोगमा ल्याउने,
(ज) कार्यक्रम कार्यान्वयनको क्रममा कुनै समस्या देखिएमा समन्वय समितिसँग छलफल गरी समाधान गर्ने,
(झ) उत्पादित वस्तु तथा सेवाको बिक्री वितरण केन्द्र स्थापनाको लागि शिक्षा शाखासँग समन्वय गर्ने,
(ञ) विद्यार्थीले गरेको आम्दानीको निश्चित प्रतिशत रकम विद्यालयको कोषमा जम्मा गर्न लगाउने,
(ट) वर्षभरिमा भएका कामको उपलब्धी समेटिएको प्रतिवेदन तयार गरी शिक्षा शाखामा पठाउने।
**१७. प्रधानाध्यापकको भूमिका** - (१) कार्यक्रम कार्यान्वयनमा विद्यालयको प्रधानाध्यापकको भूमिका देहाय बमोजिम हुनेछ।
(क) विद्यालयको व्यावसायिक योजना बनाई विद्यार्थीको व्यावसायिक क्लब तथा ब्यवसायिक सिकाइ समुह गठन गर्ने,
(ख) गठन भएका विद्यार्थीको समूहलाई जिम्मेवारी बाँडफाँड सहित उत्पादनमुलक कार्यमा क्रियाशील बनाउने,
(ग) पढाइसँगै उत्पादन तथा व्यवसायीक क्रियाकलापमा विद्यार्थी परिचालन गर्ने,
(घ) स्थानीय उद्योगी व्यवसायीसँग अन्तर्क्रिया गरी उत्पादन तथा सेवाको बजार सम्बन्धी सूचना लिई बजार प्रवर्द्धन गर्ने,
(ङ)कार्यक्रमलाई निरन्तरता प्रदान गर्न विद्यालयको कोषबाट विद्यार्थीलाई पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन र ब्यवस्थापनका लागि लगानी स्वरुप रकम उपलब्ध गराउने,
(च) कमाइसँगै विद्यालयले लगानी स्वरुप उपलब्ध गराएको रकम विद्यार्थीबाट किस्ताबन्दीको रुपमा विद्यालयको कोषमा जम्मा गर्ने व्यवस्था मिलाउने,
(छ) विद्यार्थीले तयार गरी पेश गरेको परियोजना कार्यको प्रतिवेदनको अभिलेख व्यवस्थित गर्ने,

(ज) विद्यालयसँग सम्बन्धित तथ्यांक एवं विवरणलाई नियमित रुपमा अद्यावधिक गरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्ने,

(झ) विद्यार्थीको कार्यको नियमित अनुगमन गरी आवश्यक सहजीकरण र सल्लाह सुझाव प्रदान गर्ने।

(ञ) कार्यक्रमको बार्षिक प्रगति प्रतिवेदन शिक्षा शाखामा पेश गर्ने।

**१८. शिक्षक तथा प्रशिक्षकको भूमिका**- (१) कार्यक्रम कार्यान्वयनमा विद्यालयको शिक्षक तथा प्रशिक्षकको भूमिका देहाय बमोजिम हुनेछ।

(क) विद्यार्थीहरुलाइ प्रयोगात्मक कार्य अन्तर्गतको ब्यवहारिक अभ्यास (OJT) मा नियमित सहभागी गराउने,

(ख) आफ्नो विषयमा सिकाइलाई उत्पादनसँग जोड्ने गरी पाठ्यक्रमले तोके बमोजिम सिकाइ उपलब्धिका क्षेत्रमा प्रशिक्षण अभ्यास योजना तयार गरी ब्यवहारिक अभ्यास गर्ने गराउने,

(ग) पाठ्यक्रमसँग सम्बन्धित हुने गरी परियोजना कार्यहरु गर्ने, गराउने र यस्ता परियोजना कार्यलाई प्रयोगात्मक मूल्याङ्कनसँग आवद्ध गर्ने,

(घ) विद्यार्थीहरुलाई सिकाइ सामग्री सहित विभिन्न उपयोगी वस्तु तथा सेवा उत्पादन र बिक्री वितरणका लागि प्रोत्साहित गर्ने,

(ङ) विद्यार्थीहरुलाई वस्तु तथा सेवाको उत्पादन तथा बजारीकरणका लागि आवश्यक राय, सल्लाह र सुझाव दिने,

(च) विद्यालय व्यवस्थापन समिति र समन्वय समितिले तोकेका अन्य कार्य गर्ने।

**१९. विद्यार्थीको भूमिका** - (१) कार्यक्रममा सहभागी हुने विद्यार्थीको भूमिका देहाय बमोजिम हुनेछ।

(क) पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धीका क्षेत्रमा नियमित रुपमा ब्यवहारिक अभ्यास (OJT) गर्ने,

(ख) विद्यालयमा सामूहिक तथा व्यक्तिगत व्यवसायिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(ग) व्यावसायिक उत्पादन समूह बीचको आपसी समन्वयमा बाँडफाँड भएको जिम्मेवारी बहन गर्ने,

(घ) समय समयमा स्थानीय कृषक, सहकारी एवं उद्योगी व्यवसायीहरुसँग भेटघाट, अन्तर्क्रिया गरी उत्पादन तथा सेवाको बजार सम्बन्धी सूचना संकलन गर्ने,

(ङ) विद्यार्थीको विभिन्न समूहबाट भएका आर्थिक गतिविधिहरुको हिसाब राख्ने एवं सो कार्यका लागि विद्यालयलाई आवश्यक सहयोग गर्ने,

(च) आफू संलग्न रहेको व्यावसायिक परियोजना कार्यको प्रतिवेदन तयार गरी विद्यालयमा पेश गर्ने,

(छ) पढ्दै कमाउँदै कार्यक्रमका लागि लगानी स्वरुप विद्यालयले उपलब्ध गराएको रकम क्रमश विद्यालयको कोषमा जम्मा गर्ने,

(ज) विद्यालयको अतिरिक्त समयमा आफ्नै घरजग्गामा समेत कृषिजन्य वस्तु उत्पादन गर्ने र उत्पादित वस्तु विद्यालयमा वा विद्यालय मार्फत बजारमा बिक्री गर्ने।

## परिच्छेद - ५

## कार्यक्रमको अनुगमन, निरीक्षण र प्रतिवेदन

**२०. कार्यक्रमको अनुगमन तथा निरीक्षण** - (१) यस कार्यविधि बमोजिम छनोट भई अनुदान प्राप्त गर्ने विद्यालयमा सञ्चालित कार्यक्रमको अनुगमन तथा निरीक्षण कार्य गाउँपालिका कार्यालय, शिक्षा समिति, समन्वय समिति र आवश्यकता अनुसार सम्बन्धित विद्यालयको ब्यवस्थापन समितिबाट समेत हुनेछ।

(२) यस कार्यविधि बमोजिम विद्यालयमा सञ्चालित कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ।

(३) अनुगमन तथा निरीक्षणका क्रममा दिइएका सुझाव कार्यान्वयन गर्नु सम्बन्धित विद्यालयको कर्तव्य हुनेछ।

**२१. प्रतिवेदन पेश गर्नु पर्ने** - (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गरेको विद्यालयले पढ्दै कमाउदै कार्यक्रमको  वार्षिक प्रतिवेदन शिक्षा शाखामा पेश गर्नु पर्नेछ।

## परिच्छेद – ६

## विविध

**२२. बिनियोजित बजेटको खर्च** - गाउँपालिकाले यस कार्यक्रम शिर्षकमा विनियोजन गरेको बजेटबाट कार्यक्रम सञ्चालन र आवश्यकता अनुसार कार्यविधि निर्माण, समितिको बैठक सञ्चालन, विद्यालय छनोट, पत्रिकामा सूचना प्रकाशन, अनुगमन, मूल्यांकन र प्रतिवेदन लेखन कार्यमा समेत खर्च गर्न सक्नेछ।

**२३. बस्तु तथा सेवाको बिक्री मूल्य निर्धारण**- उत्पादन तथा उत्पादित वस्तुहरुको खरिद बिक्रि कार्यका लागि प्रचलित कानुन बमोजिमको प्रक्रिया पूरा गरी वस्तुको स्थानीय उद्योग, व्यवसाय र उत्पादकसँगको समन्वयमा बजार मूल्यनिर्धारण गर्न सकिनेछ।

**२४. भण्डारण गर्नुपर्ने** - विद्यालयले उत्पादित वस्तुहरुको गुणस्तरमा असर नपुग्ने गरी सुरक्षित भण्डारण गर्नु पर्नेछ।

**२५. प्रचलित कानून बमोजिम हुने** - यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयले कार्यक्रमसँग सम्बन्धित विभिन्न कार्यहरु गर्दा, रकम भुक्तानी र लेखा परीक्षण गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य प्रचलित आर्थिक  ऐन नियम बमोजिम गर्नुपर्नेछ।

**२६. संशोधन** - यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले निर्णय गरी संशोधन गर्न सक्नेछ।

# अनुसूची १

## पढ्दै कमाउँदै कार्यक्रम लागि विद्यालयले पेश गर्ने आवेदन फारम

### १. विद्यालयको विवरण

विद्यालयको नाम:……………………………………………………………

विद्यालयको प्रकार: - (साधारण / प्राविधिक धार सञ्चालित विद्यालय)

ठेगाना: - ………………….. टोल - ………………………….

फोन नं. - ………………………...

इमेल - ……………………………………………………..

विद्यालयको IEMIS कोड -………………………………………

प्राविधिक शिक्षा सञ्चालन मिति -…………………………………

### २. विद्यार्थी विवरण (सम्बन्धित शैक्षिक सत्रको)

| क्र स | तह/कक्षा | IEMIS मा प्रविष्ट विद्यार्थी संख्या | नियमित अध्ययन गर्ने विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास | | | |
| २ | आधारभुत तह (कक्षा १-५) | | | |
| ३ | आधारभुत तह (कक्षा ६-८) | | | |
| ४ | माध्यमिक तह (कक्षा ९-१०) | | | |
| ५ | माध्यमिक तह (कक्षा ११-१२) | | | |
| ६ | प्राविधिक धार (कक्षा ९-१२) | | | |
| | जम्मा | | | |

### ३. शिक्षक कर्मचारी विवरण

| क्र स | शिक्षक कर्मचारीको नामथर | पद | तह/श्रेणी | शैक्षिक योग्यता | कार्यअनुभव (बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## ४. पूर्वाधार सम्बन्धी जानकारी

४.१ जग्गा सम्बन्धी विवरण

| क्र स | कित्ता नं | क्षेत्रफल | जग्गाको स्वामित्व | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४.२ भवन सम्बन्धी विवरण

| क्र स | भवन संख्या | | कोठा संख्या | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| | पक्की/अर्धपक्की | कच्ची | | | |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

४.३ अन्य संरचना सम्बन्धी विवरण( ल्याव, टनेल, पोखरी, टहरा, कटेज, खोर आदी )

| क्र स | विवरण | प्रयोगको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

## ५. देहायका प्रत्येक शीर्षकहरुमा औचित्य सहितको विवरण प्रस्तुत गर्नु होला।

(क) विद्यालयमा वस्तु उत्पादन तथा सेवा प्रदान गरी आयआर्जन गर्न सम्भव देखिएका पेसा तथा उपर्युक्त पेसामा उत्पादन गर्न सकिने वस्तु तथा सेवाको सूची।

(ख) पढ्दै कमाउँदै कार्यक्रममा सहभागी हुने विद्यार्थी तथा अन्य इच्छुक विद्यार्थीको विवरण, उनीहरुबाट उत्पादन हुनसक्ने वस्तु तथा सेवा र ती सामग्रीको बिक्री वितरणको सम्भाव्यता।

(ग) उपर्युक्त वस्तु तथा सेवाको उत्पादन तथा बिक्रीका लागि आवश्यक भौतिक पूर्वाधार तथा उक्त पूर्वाधार निर्माण तथा मर्मत गर्ने योजना। (प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि विज्ञता, भौतिक पूर्वाधार तथा औजार, उपकरण मध्ये विद्यालयमा उपलब्ध हुने, खरिद गर्नुपर्ने तथा भाडा/लिजमा लिन सकिने सम्बन्धी खरिद गर्नुपर्ने भए सोको अनुमानित लागत समेत खुल्नुपर्ने।)

(घ) उत्पादित वस्तु तथा सेवाको बजारको पहिचान तथा विश्लेषण (प्रस्तावित वस्तु तथा सेवाको उत्पादनका लागि आवश्यक कच्चा पदार्थ उपलब्ध हुने स्थान/ प्राप्त गर्ने तरिका, विद्यालयसम्म ल्याउने उपाय तथा लाग्ने अनुमानित खर्च समेत खुलाउनु पर्ने तथा उत्पादित वस्तु तथा सेवा बिक्रीका लागि गर्नुपर्ने पहलहरु - विद्यालयबाटै बिक्री हुने, बजारसम्म लानुपर्ने वा बजारको लागि विशेष पहल गर्नुपर्ने विषय समेत खुलाएर बजार पहिचान तथा विश्लेषण गर्नुपर्ने)

(ङ) उल्लेखित कार्यक्रमका लागि स्थानीय समुदाय एवं अभिभावकहरुबाट हुन सक्ने वा लिन सकिने सहयोगको विषय।

**६. प्रस्तावित लागत अनुमान सहितको कार्ययोजना**

प्रस्तावित कार्यक्रमका लागि अनुदान माग गरेको विषय क्षेत्र प्रष्ट खुल्ने गरी पूर्वाधार निर्माण वा सञ्चालन गर्ने अन्य क्रियाकलाप तथा खर्चको लागत अनुमान सहितको कार्य योजना आवेदनका साथ संलग्न राख्नुपर्नेछ।

हस्ताक्षर.......................

नाम -.....................

पद - प्रधानाध्यापक

मिति -......................

**संलग्न गर्नुपर्ने कागजातहरु -**

(क) वडा कार्यालयको सिफारिस पत्रको प्रमाणित प्रतिलिपि,

(ख) विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि,

(ग) विद्यालयको नाममा रहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा वा भोगाधिकार रहेको प्रमाण वा भाडा/लिजमा प्रयोग गर्ने भए सोको सम्झौतापत्रको प्रतिलिपि,

(घ) प्रस्तावमा उल्लेख गरिएका विवरणहरुको पुष्टि हुने थप आवश्यक कागजातको प्रमाणित प्रतिलिपि,

(ङ) कार्यालयले माग गरेको अन्य आवश्यक कागजातहरु।

## अनुसूची २
## विद्यालय छनोटका लागि मुल्याङ्कनका आधारहरु

| क्रस | सुचक | आधारहरु | अवस्था | अंक | अवस्था | अंक |
|---|---|---|---|---|---|---|
| १ | **आवश्यकता सम्बन्धी सूचक (१० अंक)** | भौगलिक तथा स्थानीय परिवेश सुहाउदो व्यवसायिक तथा उत्पादनमुलक क्रियाकलाप सञ्चालन भएको अवस्था | क्रियाकलाप सञ्चालन भएको | १० | नभएको तर सञ्चालन गर्न सकिने अवस्था रहेको | ५ |
| २ | **कार्यसम्पादन मा आधारित सूचक (३५ अंक)** | शिक्षा ऐन नियमावलीले तोकेको शिक्षक/प्रशिक्षक संख्या | भएको | १० | नभएको | ५ |
| | | शिक्षा ऐन नियमावलीमा तोकिएको न्युनतम विद्यार्थी संख्या | भएको | १० | नभएको | ५ |
| | | सम्बन्धित विषयको प्रयोगशाला/कार्यक्षेत्र/फिल्ड | भएको | १० | नभएको | ५ |
| | | प्रयोगात्मक अभ्यास (OJT) को सिलसिलामा वस्तु तथा सेवाको परीक्षण उत्पादन | भएको | ५ | नभएको | ३ |
| ३ | **पुर्वाधार सम्बन्धी सूचक (३५ अंक)** | कार्यक्रम सञ्चालन र वस्तु तथा सेवा उत्पादनका लागि पर्याप्त भवन वा कोठाको उपलब्धता | उपलब्ध भएको | १५ | भाडामा लिएर थप ब्यवस्थापन गर्नुपर्ने | १० |
| | | उत्पादनका लागि एवम ल्यावमा आवश्यक औजार,सामग्री र उपकरणको ब्यवस्था | पर्याप्त उपलब्ध भएको | १० | उपलब्ध नभएको र भएतापनी प्रयोग नगरिएको | ५ |
| | | कार्यक्रम सञ्चालन गर्न अस्थायी संरचना, टनेल पोखरी, टहरा आदि निर्माण गरिएको | निर्माण भएको | १० | नभएको वा नयाँ निर्माण गर्नुपर्ने | ५ |
| ४ | **बजारीकरण सम्बन्धी सूचक (२० अंक)** | उत्पादनको बिक्रि वितरणका लागि संभाव्य बजारको अवस्था | स्थानीय बजार भएको | १० | अन्य बजार | ५ |
| | | उत्पादनको बजारीकरणको प्रकृति | विद्यालय/सेवा केन्द्रबाट नै | १० | बजार सम्म पुर्याउनुपर्ने वा | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बिक्रि गर्ने अवस्था रहेको | | बजार सञ्चालन गर्नपर्ने | |

## अनुसूची ३
## कार्यक्रम सम्झौता

गेरुवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय पशुपतिनगर बर्दिया (यसपछि पहिलो पक्ष) र श्री ..................................विद्यालय (यसपछि दोश्रो पक्ष) बिच मिति ...................... गते **पढ्दै कमाउदै कार्यक्रम** सञ्चालन गर्न यस कार्यालयको मिति ............ गतेको निर्णय बमोजिम देहायबमोजिमका शर्तहरू पालना गर्ने गरी एक आपसमा सहमत भइ यो सम्झौता गरि १/१ प्रति बुझिलियौ र दियौं ।

**शर्तहरू**

१.यो सम्झौता मिति ...................... देखि लागु भइ मिति ...................... गते सम्म कायम रहनेछ।

२.पहिलो पक्षले यस सम्झौता बमोजिम गाउँपालिकाको आ.ब. ......... को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत.................. शिर्षकमा बिनियोजित बजेटबाट **पढ्दै कमाउदै कार्यक्रम** कार्यान्वयनका लागि दोस्रो पक्षलाइ प्रथम किस्ता बापत कुल अनुदानको ३० % **रू** ....................**(अक्षेरूपीः** .........................**)** रकम विद्यालयको खातामा निकासा गर्नेछ । बाँकी रकम विद्यालयको कार्यप्रगतिको आधारमा खर्च भएको रकमबाट नियमानुसार करकट्टी गरी विद्यालयको बैंक खातामा भुक्तानी गरिनेछ ।

३. दोस्रो पक्षले यस कार्यालयमा पेश गरेको कार्ययोजना/प्रस्तावनामा तोकिएको शिर्षकमा खर्च गर्नेगरी स्वीकृत कार्यक्रम तथा स्पेसिफिकेसन बमोजिम कार्यक्रम सञ्चालनका लागि सामग्री, औजार /उपकरण खरिद र निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४(संशोधनसहित) अनुसारका प्रकिया अबलम्बन गर्नुपर्नेछ ।

४. दोस्रो पक्षले यस कार्यालयमा पढ्दै कमाउदै कार्यक्रमको लागि पेश गरेको कार्ययोजना/प्रस्तावनामा उल्लेखित शिर्षक/कार्यमा बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाउने छैन । यदि कार्यालयबाट अनुगमनको क्रममा सो अनुसार खर्च नगरेको पाइएमा पहिलो पक्ष भुक्तानी गर्न बाध्य हुनेछैन ।

५. यस सम्झौतामा उल्लेख गरिए बमोजिमको रकम भन्दा बढि रकम भुक्तानी हुनेछैन ।

६.दोस्रो पक्षले यो सम्झौता भए पश्चात पहिलो पक्षबाट कार्यआदेश दिएपछि कार्यक्रमको कार्यप्रगती र कार्यसम्पन्न गरेपश्चात आवश्यक कागजातहरू संलग्न गरी भुक्तानीका लागि मिति ........................ गते सम्म पहिलो पक्ष/ कार्यालयमा पेश गर्नुपर्नेछ ।

७. दोस्रो पक्षले यस सम्झौता बमोजिम कार्ययोजना/प्रस्तावनामा उल्लेखित शिर्षक/विवरण अनुसार गरेको खर्च सम्बन्धी बिल, भरपाइ, डोर हाजिरी,दाखिला,फोटो,अनुगमन प्रतिवेदन, खरिद सम्बन्धी कागजातहरू, प्रमाणित खर्च विवरण र कार्यसम्पन्न प्रतिवेदन लगायतका आवश्यक कागजातहरु संलग्न गरी भुक्तानीका लागि पेश गरेपछि नियमानुसार करकट्टी गरी बाँकी रकम भुक्तानी पाउनेछ ।

८.दोस्रो पक्षले यो कार्यक्रम सम्पन्न भएपश्चात भुक्तानी गरेको रकमको लेखा राख्ने र त्यस्को हरहिसाब चुस्त, दुरूस्त राख्ने, आर्थिक तथा सामाजिक लेखापरीक्षण गर्ने गराउने लगायतका सम्पुर्ण जिम्मेवारी तथा दायित्व सम्बन्धित विद्यालयको हुनेछ।

९. यस सम्झौतामा उल्लेख नभएका अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ।

| | |
|---|---|
| **दोस्रो पक्ष(विद्यालय)** | **पहिलो पक्ष(कार्यालय)** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम/ थरः | नाम/ थरः |
| पद :प्रधानाध्यापक | पद : प्रमुख प्रशासकीय अधिकृत |
| विद्यालय: | कार्यालय: |

रोहवर

आज्ञाले
नर बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत